**आवश्यक खोपहरू इजाजतपत्र**
प्राप्त बाल हेरचाह

**19 देखि 23 महिनाको उमेर**

यदि 12 महिनाको उमेरमा वा यसपछि एक मात्रा प्राप्त भएको थियो भने **4 मात्राहरू न्यूमोकोकल**; वा यदि 1 वा बढी मात्राहरू 12 महिनाको उमेरमावा यसपछि प्राप्त भएमा **3 मात्राहरू**; वा यदि दुबै मात्राहरू 12 महिना वा यसभन्दा माथिको उमेरमा प्राप्त भएको थियो भने **2 मात्राहरू।**

**1 मात्रा दादुरा/रुबेला**

**1 मात्रा भेरिसेला** वा प्राकृतिक रोगको एक विश्वसनीय इतिहास

**24 महिना र सो भन्दा माथिको उमेर**

**4 मात्राहरू डिप्थेरिया/टिटानस/पर्टुसिस**

**3 मात्राहरू पोलियो**

यदि एक मात्रा 12 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको **थियो भने 3** मात्राहरू हिब वा यदि पहिलो मात्रा 12 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने **2 मात्राहरू** वा 15 महिना वा सोभन्दा माथिको उमेरमा प्राप्त भएको थियो भने 1 मात्रा। 60 महिना वा सो भन्दा माथिका उमेरका व्यक्तिहरूका लागि हिब खोपको आवश्यकता छैन

यदि 12 महिनाको उमेरमा वा यसपछि एक मात्रा प्राप्त भएको थियो भने **4 मात्राहरू न्यूमोकोकल**; **वा 12 महिनाको** उमेरमा वा यसपछि 1 वा सो **भन्दा** बढि मात्राहरू प्राप्त भएमा 3 मात्राहरू; वा यदि पहिलो मात्रा 12 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने **2 मात्राहरू**; वा यदि मात्रा 24 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने **1 मात्रा।** 60 महिना वा सो भन्दा माथिका उमेरका व्यक्तिहरूका लागि न्यूमोकोकल खोपको आवश्यकता छैन।

**1 मात्रा दादुरा/रुबेला**

**1 मात्रा भेरिसेला** वा प्राकृतिक रोगको एक विश्वसनीय इतिहास

## खोपहरू: रोकथाममा तपाईंको सर्वोत्तम प्रयास।

यदि खोपहरूको बारेमा तपाईंसँग प्रश्नहरू छन् भने, आफ्नो स्वास्थ्य सेवा प्रदायकलाइ सोध्नुहोस्।

**खोप तथा रोगहरूका बारेमा थप जानकारी का लागि, निम्नमा जानुहोस्**


- hhs.iowa.gov/public-health/immunization
- www.immunize.org
- www.cdc.gov/vaccines
- www.aap.org

IOWA Health and Human Services
Public Health

09/2024

# इजाजतप्राप्त बाल स्याहार खोप आवश्यकताहरू

राम्रो जीवनका लागि खोप लगाउनुहोस्!



IOWA Health and Human Services
Public Health

**आवश्यक खोपहरू इजाजतपत्र**
प्राप्त बाल हेरचाह

**4 महिनाभन्दा कम उमेर**

यो चार्टले इजाजतपत्र प्राप्त बाल हेरचाहमा भाग लिनका लागि न्यूनतम आवश्यकताहरू समावेश गर्दछ। नियमित खोप 2 महिनाको उमेरमा सुरु हुन्छ।

**4 देखि 5 महिनाको उमेर**

**1 मात्रा डिप्थेरिया/टिटानस/पर्टुसिस, पोलियो, हिब, न्यूमोकोकल**

**6 देखि 11 महिनाको उमेर**

**2 मात्राहरू डिप्थेरिया/टिटानस/पर्टुसिस, पोलियो, हिब, न्यूमोकोकल**

**12 देखि 18 महिनाको उमेर**

**3 मात्राहरू डिप्थेरिया/टिटानस/पर्टुसिस**

**2 मात्राहरू पोलियो**

**2 मात्राहरू हिब वा 1 मात्रा** 15 महिना वा माथिको उमेरमा प्राप्त भयो।

**3 मात्राहरू न्युमोकोकल** वा यदि दुबै मात्राहरू 12 महिना वा सोभन्दा माथिको उमेरमा प्राप्त भएको थियो भने **2 मात्राहरू।**

**19 देखि 23 महिनाको उमेर**

**4 मात्राहरू डिप्थेरिया/टिटानस/पर्टुसिस**

**3 मात्राहरू पोलियो**

यदि एक मात्रा 12 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने 3 **मात्राहरू हिब** वा यदि पहिलो मात्रा 12 महिनाको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने **2 मात्राहरू** वा 15 महिना वा सोभन्दा माथिको उमेरमा प्राप्त भएको थियो भने **1 मात्रा।**

## खोपको प्रमाण

### खोपको प्रमाणपत्र

खोपको प्रमाणपत्र बच्चा उपस्थित हुने इजाजतपत्र प्राप्त बाल हेरचाह केन्द्रलाइ दिइनुपर्छ। मान्य हुनका लागि, खोपको प्रमाणपत्रमा बच्चाको नाम र जन्म मिति, आवश्यक खोपहरू प्राप्त भएको मिति समावेश हुनुपर्छ र चिकित्सक (MD वा DO), चिकित्सकको सहायक, नर्स वा प्रमाणित चिकित्सा सहायकले हस्ताक्षर गरेको हुनुपर्छ।

### खोपको अस्थायी प्रमाणपत्र

खोपको अस्थायी प्रमाणपत्रलाइ एक U.S. विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण हुने विद्यार्थीलाइ वा आफ्नो उमेरका लागि आवश्यक खोपहरू सुरु गरेको तर खोपहरू पूरा नगरेको बच्चालाइ प्रदान गर्न सकिन्छ। अस्थायी नामाँकनका लागि योग्य हुनका लागि, बच्चाले आफ्नो उमेरका लागि आवश्यक पर्ने प्रत्येक खोपहरूका कम्तीमा एक मात्रा प्राप्त गर्नुपर्छ। आवश्यक खोपको अर्को मात्रा सकेसम्म चाँडो दिनुपर्छ तर अघिल्लो मात्रा(हरू) पाएको समयदेखि 60 दिन भन्दा बढि हुनुहुदैँन। यदि 60 दिनको अन्त्यमा, बच्चाले खोपको अर्को आवश्यक मात्रा(हरू) प्राप्त गरेको छैन भने, बच्चा इजाजतपत्र प्राप्त बाल हेरचाहमा उपस्थित हुन सक्दैन।



### चिकित्सा छुट

यदि एक स्वास्थ्य सेवा प्रदायकले खोप(हरू) बच्चालाइ हानिकारक हुने छ भन्ने ठान्छ भने एक चिकित्सा छुट प्रदान गर्न सकिन्छ। मान्य हुनका लागि, खोप छुटको चिकित्सा प्रमाणपत्र एक Iowa इजाजतपत्रवाहक चिकित्सक (MD वा DO), चिकित्सकको सहायक वा नर्स व्यवसायीले पूरा गरी हस्ताक्षर गरेको हुनुपर्छ।

### धर्म छुट

खोपहरू साँचो र निष्कपट धार्मिक विश्वाससँग बाझिएको छ र वैज्ञानिक, चिकित्सा वा व्यक्तिगत विचारमा आधारित छैन भने धार्मिक छुट प्रदान गर्न सकिन्छ। मान्य हुनका लागि, खोप छुटको धार्मिक प्रमाणपत्र बच्चाको नाम र जन्ममितिको साथ पूरा गरिएको हुनुपर्छ र व्यक्ति वा बच्चाको आमाबाबु वा अभिभावकद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ।

### प्रवर्तन

पहिलो दिनमा खोपको प्रमाणपत्र, खोपको अस्थायी प्रमाणपत्र वा खोप छुटको प्रमाणपत्र नहुने बालबालिकाले, इजाजतप्राप्त बाल स्याहार केन्द्रमा उपस्थित हुन सक्दैनन्।

### खोपका रेकर्डहरू

सुरक्षित स्थानमा खोप रेकर्ड राख्नु महत्त्वपूर्ण छ। जीवनभर खोपको प्रमाण आवश्यक हुन सक्छ। Iowa स्वास्थ्य र मानव सेवा विभागले एतिहासिक कागज खोप रेकर्डहरू राख्दैन। यद्यपि, खोप रेकर्डहरू Iowa को खोप रजिस्ट्री सूचना प्रणाली (IRIS) मा प्रविष्ट गर्न सकिन्छ। IRIS मा खोपहरू प्रविष्ट गर्ने र तपाईको रेकर्डको प्रतिलिपिहरू प्राप्त गर्नेबारे आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।

### IOWA को खोप कानून

यो ब्रोसरले Iowa मा इजाजतपत्र प्राप्त बाल हेरचाह केन्द्रमा उपस्थित हुन बच्चाको लागि न्यूनतम खोप आवश्यकताहरूलाइ रेखांकित गर्दछ। यी आवश्यकताहरू Iowa कानुन र खोप अभ्यासहरूमा सल्लाहकार समिति (ACIP) को सिफारिसहरूमा आधारित छन् र समूह सेटिङहरूमा एक स्वस्थ बच्चालाइ कायम राख्नका लागि न्यूनतम आवश्यकताहरू हुन्।

Iowa को खोप आवश्यकताहरू Iowa मा इजाजतपत्र प्राप्त बाल हेरचाह केन्द्रहरूमा उपस्थित हुने सम्पूर्ण व्यक्तिहरूमा लागू हुन्छ।

